# नेशनल हाईड्रो पावर कम्पनी लि.

काठमाडौं १०, बिनायकनगर, बानेश्वर

## २५औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/१२/०१

यस नेशनल हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०७८/११/०१ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार, यस कम्पनीको २५औं बार्षिक साधारणसभा मिति २०७८/११/३० गते बिहान ११:०० बजे अनलाइन (Zoom Cloud Meeting) को माध्यमबाट भर्चुअल रुपमा का.जि.का.म.न.पा. वडा नं. १०, बिनायकनगर, नयाँबानेश्वर, काठमाडौंमा गर्ने भनि दुई पटक राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी उक्त दिन साधारणसभा गर्नको लागि उपस्थित भएकोमा उक्त सभा सञ्चालन गर्नको लागि गणपुरक संख्या कम्पनीको नियमावलीको नियम १६(ख) र कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम उपस्थित शेयरधनीहरुको गणपुरक संख्या नपुगी स्थगित भएको यस कम्पनीको २५औं वार्षिक साधारणसभा, सञ्चालक समितिको मिति २०७८/११/३० गतेको निर्णय अनुसार निम्न बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७८ साल चैत्र ११ गते, (मार्च, २५, २०२२)

समय : दिउँसो १:०० बजे ।

स्थान : डेलिश ओपेरा रेष्ट्रो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet) बालुवाटार, काठमाडौं ।

**छलफलका विषयहरु**

**क. साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व. २०७८/०७९ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिमा ७ (सात) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्ताव :**

१. नेशनल हाइड्रो पावर कम्पनी लि.ले सुनकोशि हाइड्रो पावर कम्पनी लि.लाई प्राप्त/ग्रहण गर्ने सम्बन्धमा ।

(क) यस नेशनल हाइड्रो पावर कम्पनी लि.ले सुनकोशि हाइड्रो पावर कम्पनी लि.को १०० कित्ता शेयर बराबर सुनकोशी हाइड्रोपावर कं.लि.को शेयरधनिलाई नेशनल हाइड्रो पावर कम्पनी लि.को २५ कित्ता (१:०.२५) शेयर प्रदान गरी सुनकोशी हाइड्रोपावर कं.लि. प्राप्ति/ग्रहण (Acquire) गर्नको लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

(ख) सुनकोशि हाइड्रो पावर कम्पनी लि.लाई यस कम्पनीले प्राप्ति/ग्रहण (Acquire) गर्ने सम्बन्धमा भएको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन, परामर्शदाता तथा मूल्याङ्कनकर्ताको नियुक्ती, सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Report), समझदारी पत्र (Memorandum of Understanding) लगायतका सम्पूर्ण काम कारवाहिलाई अनुमोदन गर्ने सम्बन्धमा ।

(ग) विशेष प्रस्ताव (१.क र १.ख) बमोजिम सुनकोशि हाइड्रो पावर कम्पनी लि. प्राप्ति गरे पश्चात यस कम्पनीको पूँजी वृद्धि हुने भएकोले सोहि बमोजिम कम्पनीको प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

२. आ.व. २०७७/०७८ को खुद मुनाफाबाट हाल कायम रहेको शेयर संख्या १,३८,७४,३३२ मध्ये Calls in arrears रहेको संख्या बाहेक कायम हुन आउने जम्मा शेयर संख्या १,३८,५१,८६२ (नेप्सेमा सूचीकृत) को चुक्ता पूँजी रकम रु.१,३८,५१,८६,२००।– को १९.५% (उन्नाइस दशमलव पाँच प्रतिशत, बोनस शेयर, तथा नगद लाभांश कर प्रयोजनाको लागि समेत) का दरले हुन आउने रु.२७,०१,११,३०९।– (सत्ताइस करोड एक लाख एघार हजार तीन सय नौ मात्र) बराबरको लाभांश वितरण गर्ने र उक्त जारी गरिने लाभांश मध्ये १८.५२५ % बापत हुन आउने रु.२५,६६,०५,७४३।५५ (पच्चिस करोड छैसट्ठी लाख पाँच हजार सात शय त्रिचालिस र पचपन्न पैसा मात्र) बोनस शेयर र कर प्रयोजनाको लागि ०.९७५%, बापत हुन आउने १,३५,०५,५६५।४५ (एक करोड पैंतिस लाख पाँच हजार पाँच सय पैसट्ठी र पैंतालिस पैसा मात्र) कर बापत, नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

३. बोनश शेयर वितरण पश्चात कायम हुने चुक्ता पुँजीको ५० प्रतिशत (अर्थात १०:५ को अनुपातमा) हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

४. हकप्रद शेयरको कारणले कम्पनीको प्रबन्धपत्रमा पुँजी वृद्धि गर्ने सन्दर्भमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनै पनि विषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो कार्यहरू गर्न संचालक समिति (वा संचालक समितिले तोकेको ब्यक्ति) लाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

५. हकप्रद शेयरको कारणले कम्पनीको प्रबन्धपत्रमा पुँजी वृद्धि गर्ने सन्दर्भमा तथा साधारणसभाबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बधमा भएका निर्णयहरू उपर नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरूबाट कुनै पनि विषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्न निर्देशन प्राप्त भएमा सो कार्यहरु गर्न संचालक समिति (वा संचालक समितिले तोकेको ब्यक्ति) लाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग. विविध :**

### वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु

१. २५औं बार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०७८/११/१३ गते (एक दिन) शेयर कारोबार बन्द रहने छ ।

२. २५औं बार्षिक साधारणसभा तथा बोनस शेयर प्रयोजनको लागि २०७८/११/१२ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई ३ कार्य दिन भित्र दाखिल खारेज तथा नामसारीका लागि प्राप्त शेयरहरूबाट कायम रहेका शेयरधनीहरू वार्षिक सभामा भाग लिनका लागि योग्य हुनेछन ।

३. लेखापरिक्षकको प्रतिबेदन सहित कम्पनीको बार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनीको ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरू निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालय बिनायकनगर, नयाँबानेश्वर, काठमाडौंमा सम्पर्क राख्न सकिने ब्यहोरा अनुरोध छ ।

४. सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ९६ घण्टा अगाबै अर्थात मिति २०७८ साल माघ २५ गते बिहान १०:०० बजे भित्र प्रतिनिधि पत्र तोकेको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) प्रचलित कम्पनी कानून बमोजिम यस कम्पनीले तोकेको ढाँचामा हुनु पर्नेछ । प्रतिनिधि पत्रको ढाँचा यस कम्पनीको सूचनापाटी तथा कम्पनीको वेबसाइटमा (www.nhpcl.com) मा राखिएको छ । कम्पनीको शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन ।

५. प्रतिनिधि पत्रबाट मतदान गर्ने शेयरधनीले कुल बिक्री भएको शेयरको १५ प्रतिशत भन्दा बढि प्रोक्सी दर्ता गरेको भएमा पनि १५ प्रतिशत भन्दा बढि मतको गन्ति गरिने छैन ।

६. एक जना शेयरधनीले एक भन्दा बढि ब्यक्ति (शेयरधनी) लाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा केही शेयर आफैसँग बाँकी राखि आफु समेत साधारणसभामा उपस्थित हुन पाउने उद्देश्यले आंशिक शेयरको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाउने छैन । अर्थात, सम्पूर्ण शेयरको लागि एकै ब्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु पर्दछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनी सभामा स्वयम् उपस्थित हुनु भएमा नियुक्त गरिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुन्छ । एक भन्दा बढि ब्यक्तिलाई आधा आधा वा अरु कुनै किसिमबाट छुट्याएर प्रोक्सी दिइएमा समेत उक्त प्रतिनिधि (प्रोक्सी) हरू बदर हुनेछन ।

८. प्रतिनिधि पत्र (प्रोक्सी) सम्बन्धी अन्य व्यवस्थाका बारेमा जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस कम्पनीको रजिष्टर्ड कार्यालय, बिनायननगर नयाँबानेश्वरमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

९. नाबालक वा अशक्त/विक्षिप्त शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ ।

१०. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको कार्यालय का.जि.का.म.न.पा. वडा नं. १०, बिनायक नगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

११. सञ्चालक निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय, यस कम्पनीको रजिष्टर्ड कार्यालय, बिनायकनगर, नयाँबानेश्वरमा पछि प्रकाशित भए बमोजिम हुनेछ । थप जानकारी लागि कम्पनीको वेबसाइट (www.nhpcl.com) तथा कार्यालयको समयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

प्रा.लि.नं. ३४०/०५२/०५३

# नेशनल हाईड्रो पावर कम्पनी लि.

# National Hydro Power Company Ltd.

मिति : २०७८/१२/०१

श्री नेपाल स्टक एक्सचेन्ज ली.
सिंहरबार, काठमाण्डौ ।

बिषय : साधारण सभाको जानकारी सम्बन्धमा ।

महोदय,

यस नेशनल हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०७८/११/०१ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार, यस कम्पनीको २५ औं बार्षिक साधारण सभा मिति २०७८/११/३० गते बिहान ११ बजे अनलाइन (Zoom Cloud Meeting) को माध्यमबाट भर्चुअल रुपमा का. जि. का. म. न. पा. वडा नं. १०, बिनायकनगर, नयाँबानेश्वर, काठमाण्डौमा गर्ने भनि दुई पटक राष्ट्रिय दैनिक पत्रिकामा सार्बजनिक सूचना प्रकाशित गरी उक्त दिन साधारण सभा गर्नको लागि उपस्थित भएकोमा उक्त सभा सञ्चालन गर्नको लागि गणपुरक सँख्या कम्पनीको नियमाबलीको नियम १६(ख) र कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम उपस्थित शेयरधनीहरुको गुणपुरक सँख्या नपुगी स्थगित भएको यस कम्पनीको २५ औं बार्षिक साधारण सभा, सञ्चालक समितिको मिति २०७८/११/३० गतेको निर्णय अनुसार मिति २०७८।१२।११ गते गर्ने भनि निर्णय भएको हुदा उक्त साधारण सभाको जानकारी गराउन चाहन्छौ । साथै प्रकाशित राष्ट्रिय दैनिक पत्रिका यसै साथ सँलग्न गरिएको छ ।

**तपसिल**

**छलफलका बिषयहरु**

**क. साधारण प्रस्ताब :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ. ब. २०७७/०७८ को बार्षिक प्रतिबेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. लेखापरिक्षकको प्रतिबेदन सहित आर्थिक बर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब र सोही अबधिको नगद प्रबाह बिबरणसँग सम्बन्धित अनूसूचिहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. आ. ब. २०७८/०७९ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिमा ७ (सात) जना सञ्चालकको निर्बाचन गर्ने सम्बन्धमा ।

**ख. बिशेष प्रस्ताब :**

# नेशनल हाईड्रो पावर कम्पनी लि.
# National Hydro Power Company Ltd.

१. नेशनल हाइड्रो पावर कम्पनी लि. ले सुनकोशि हाइड्रो पावर कम्पनि लि. लाई प्राप्त/ग्रहण गर्ने सम्बन्धमा

(क) यस नेशनल हाइड्रो पावर कम्पनी लि. ले सुनकोशि हाइड्रो पावर कम्पनि लि. को १०० कित्ता शेयर बराबर सुनकोशी हाइड्रोपावर कं ली. को शेयर धनिलाई नेशनल हाइड्रो पावर कम्पनि लि.को २५ कित्ता (१:०.२५) शेयर प्रदान गरि सुनकोशी हाइड्रोपावर कं ली. प्राप्ति/ग्रहण (Acquire) गर्नको लागि स्विकृति प्रदान गर्ने सम्बन्धमा ।

(ख) सुनकोशि हाइड्रो पावर कम्पनि लि. लाई यस कम्पनिले प्राप्ति/ग्रहण (Acquire) गर्ने सम्बन्धमा भएको सम्पत्ति तथा दायित्वको मुल्याङ्कन, परामर्श दाता तथा मुल्याङ्कनकर्ताको नियुक्ती, सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Report), समझदारी पत्र ( Memorandum of Understanding) लगायतका सम्पूर्ण काम कारवाहिलाई अनुमोदन गर्ने सम्बन्धमा ।

(ग) विशेष प्रस्ताव (१.क र १.ख) बमोजिम सुनकोशि हाइड्रो पावर कम्पनि लि. प्राप्ति गरे पश्चात यस कम्पनिको पूँजी वृद्धि हुने भएकोले सोहि बमोजिम कम्पनिको प्रबन्ध पत्र तथा नियमावलि संशोधन गर्न स्विकृती प्रदान गर्ने सम्बन्धमा ।

२. आ. व. २०७७/०७८ को खुद मुनाफावाट हाल कायम रहेको शेयर संख्या १,३८,७४,३३२ मध्ये Calls in arrears रहेको संख्या बाहेक कायम हुन आउने जम्मा शेयर संख्या १,३८,५१,८६२ (नेप्सेमा सूचीकृत) को चुक्त पूँजी रकम रु १,३८,५१,८६,२०० को १९.५% ( उन्नाइस दशमलव पाँच प्रतिशत, बोनस शेयर, तथा नगद लाभांश कर प्रयोजनाको लागि समेत) का दरले हुन आउने रु. २७,०१,११,३०९ (सत्ताइस करोड एक लाख एघार हजार तीन सय नौ मात्र) वरावरको लाभांश वितरण गर्ने र उक्त जारी गरिने लाभांश मध्ये १८.५२५ % बापत हुन आउने रु २५,६६,०५,७४३.५५ (पच्चिस करोड छैसट्ठि लाख पाँच हजार सात शय त्रिचालिस र पचपन्न पैसा मात्र) बोनस शेयर र कर प्रयोजनाको लागि ०.९७५%, बापत हुन आउने १,३५,०५,५६५.४५(एक करोड पैंतिस लाख पाँच हजार पाँच सय पैसट्ठी र पैंतालिस पैसा मात्र) कर बापत, नगद लाभांश बितरण गर्न स्विकृति प्रदान गर्ने सम्बन्धमा ।

३. बोनश शेयर बितरण पश्चात कायम हुने चुक्ता पूँजी को ५० प्रतिशत (अर्थात १०:५ को अनुपातमा) हकप्रद शेयर जारी गर्न स्विकृति प्रदान गर्ने सम्बन्धमा ।

# नेशनल हाईड्रो पावर कम्पनी लि.

# National Hydro Power Company Ltd.

४. हकप्रद शेयरको कारणले कम्पनीको प्रबन्धपत्रमा पूँजी बृद्धि गर्ने सन्दर्भमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनै पनि बिषयमा संसोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो कार्यहरु गर्न संचालक समिति (वा संचालक समितिले तोकेको व्यक्ति) लाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

५. हकप्रद शेयरको कारणले कम्पनीको प्रबन्धपत्रमा पूँजी बृद्धि गर्ने सन्दर्भमा तथा साधारण सभाबाट प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्वधमा भएका निर्णयहरु उपर नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनै पनि बिषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्न निर्देशन प्राप्त भएमा सो कार्यहरु गर्न संचालक समिति (वा संचालक समितिले तोकेको व्यक्ति) लाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

ग. बिबिध

**भबदिय,**

..........................

सन्जीव कुमार लामा

कम्पनी सचिव